बैठक नं० ४६

बैठक संख्या :

आज मिति २०७६ साल असोज १० गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | हिमाली |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार वाइबा | सूचना प्रविधि अधिकृत | |
| २ | श्री हेम विक्रम चौहान | लेखापाल | |
| ३ | श्री भरतजंग थापा | सहायकस्तर पाँचौ | |

**निर्णयहरु :**

**निर्णय नं. १** - जिल्ला समन्वय समितिको कार्यालय सिन्धुलीको च.नं. १०९ मिति २०७६/०५/२६ गतेको पत्रबाट माग भई आए बमोजिम समितिको मौज्दाज कोषबाट यस गाउँपालिकालाई बिनियोजित

रु.२५,००,०००/- बाट यसगाउँपालिकाको लागत साझेदारीमा, तपशिल बमोजिमको योजना छनौट गरि पठाउने निर्णय गरियो ।

**तपशिलः**

| क्र.स. | योजनाको नाम | बिनियोजित रकम | | | |
|---|---|---|---|---|---|
| | | जि.स.स. को मौज्दाज कोष | गाउँपालिकाको साझेदारी | कुल लागत | गाउँपालिकाको साझेदारीको हिस्सा |
| १ | वडा कार्यालय भवन निर्माण (वडा नं. ५) | रु.२१,००,०००/- | रु.१४,००,०००/- | रु.३५,००,०००/- | ४० प्रतिशत |
| २ | मा.वि. गोपे अधुरो विद्यालय भवन मर्मत | रु.४,००,०००/- | रु.४,००,०००/- | रु.८,००,०००/- | ५० प्रतिशत |

**निर्णय नं. २** - यस गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका प्रहरी चौकीहरुलाई वडा दशैं २०७६ को उपलक्ष्यमा शुभकामना आदान प्रदान तथा फूलपाती बडाई कार्यक्रमका लागि सुरक्षा व्यबस्थापन शीर्षकबाट व्योहोर्ने गरी तपशिल बमोजिमको रकम दिने निर्णय गरियो ।

**तपशिल :**

| क्र.श. | प्रहरी चौकीको नाम | रकम |
|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय, बस्तिपुर | रु.२०,०००/- |
| २ | प्रहरी चौकी, रामपुर | रु.२०,०००/- |
| ३ | प्रहरी चौकी, अमले | रु.२०,०००/- |

**निर्णय नं. ३** - यस गाउँपालिकाको लागि १५ शैयाको अस्पताल निर्माण गर्न भनि यसै गाउँपालिका वडा नं. ४ निवासी श्री सानुकान्छा भोलनले वडा नं. ३ चौकिटार स्थित निजको कि.नं. २३ को आवादी १९-५-२-३ रोपनी क्षेत्रफल बाट ९-०-०-० रोपनी जग्गा गाउँपालिकालाई निशुल्क दिन इच्छुक भई निवेदन प्राप्त भएकोले उक्त अस्पताल निर्माणका लागि जग्गा गाउँपालिकाको नाममा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**-विजयादशमी २०७६ को उपलक्ष्यमा गाउँपालिका स्तरीय शुभकामना आदान प्रदान कार्यक्रम मिति २०७६।०६।१४ गते हायुटारमा संचालन गर्ने गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

सन्तोष नेपाली
प्रमुख प्रशासकीय अधिकृत